**निर्णय नं. १**

पूर्व बैठकका निर्णयहरुको समिक्षा गरियो।

**निर्णय नं. २**

माघ २ गतेको भूकम्प सुरक्षा दिवशको अवसरमा भूकम्प सम्बन्धी जनचेतनामूलक कार्यक्रम स्थानिय तहहरुमा सञ्चालन गर्ने, भवन निर्माण संहिताको परिपालना भए नभएको विषयमा प्रभावकारी अनुगमन गर्ने।

**निर्णय नं. ३**

बढ्दो चिसो, कोभिड-१९, आगलागी जस्ता विपद्का घटनाहरु यस जिल्लामा पनि कुनै पनि समय घट्न सक्ने भएकोले सोबाट प्रभावित व्यक्ति, समूह र क्षेत्रमा तत्काल खोज/ उद्धार, राहत सम्बन्धमा सबै स्थानीय तह र निकायबाट समन्वयात्मक रुपमा सहजीकरण गर्ने, समन्वयका लागि स्थानीय तहका विपद् फोकल पर्सन र सुरक्षा निकायका विपद् फोकल पर्सनहरुको सामाजिक सञ्जालमा समूह सञ्जाल (Group Network) निर्माण गरी सूचना आदान प्रदान गर्ने।

**निर्णय नं. ४**

आगलागी जस्ता विपद्का घटनामा तत्काल दमकल परिचालन गर्न दमकल भएका संस्था र चालकहरुको विवरण अद्यावधिक गरी आदान-प्रदान गर्ने।

**निर्णय नं. ५**

काठमाडौं जिल्लामा पछिल्लो समयमा ट्रान्सफरमर पड्केको कारणले आगलागीका घटना बढेको, सडकमा पोलहरु लामो समयसम्म ढलि राखेको र विभिन्न केबल सञ्चालकहरुका केबल तारहरु यत्रतत्र जथाभावी रहेको कारण आवागमनमा अवरोध श्रृजना भएकोले उक्त कार्यलाई व्यवस्थित गर्न नेपाल विद्यूत प्राधिकरण, केबुल नेटवर्क अपरेटर र नेपाल टेलिकमलाई अनुरोध गर्ने।

**निर्णय नं. ६**

हरेक स्थानीय तहबाट आगालागीका घटना हुन नदिन आवश्यक पहल गर्ने, सो सम्बन्धी पूर्व तयारी र स्रोत व्यवस्थापन गर्ने।